# कास्की जिल्ला अदालतबाट जारी भएको
# लिलाम बढाबढ सम्वन्धी सूचना ।

प्रकाशित मिति २०७९/१२/२९

प्रस्तुत विषयमा यस अदालतमा विभिन्न मुद्दाहरुमा दशीको रुपमा दाखिला हुन आई जिन्सिमा आम्दानी बाँधिएका विभिन्न किसिमका जिन्सी सामानहरु व्यवस्थापन गर्नुपर्ने भएकोले यस अदालतबाट मिति २०७९/०३/२१ गतेको टिप्पणी आदेशानुसार बुँदा नं २ बमोजिमका सामानहरु कबाडीमा सुक्रि बिक्री गर्ने प्रयोजनका लागि मिति २०७९/१०/०४ मा बसेको मुल्याङ्कन समितिले प्रविधिक मुल्याङ्कन गर्दा एकमुष्ठ मूल्य रु.१०,५५५/-(दश हजार पाँच सय पचपन्न रुपैयाँ) कायम भएकोमा मिति २०७९/११/२६ मा सम्बन्धित धनीहरुले आफ्नो सामान फिर्ता लैजानु भनी सूचना जारी गरिएकोमा उक्त मितिभित्र सम्बन्धित सामानको धनीहरुले सामान फिर्ता लिन नआएकाले मूल्यांङ्कन भएको मूल्यमा नघटाई सुक्रि बिक्रि गर्ने प्रयोजनका (लागि) यो सूचना प्रकाशित गरिएको छ । कायम भएको मूल्यमा बढी बढाई मूल्यमा लैजान चाहने ईच्छुक ब्यक्ति, संस्था तथा फर्महरुले देहायको मिति, समय र स्थानमा सम्पर्क गरी सामान लैजान मञ्जुर गरी बोलकबोल गरेको रकम दाखिला गरी सामान उठाई लैजानु हुन सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**देहाय**

मितिः २०८०/०१/०४
समयः बिहान १०:०० बजे
स्थानः कास्की जिल्ला अदालत, तहसिल शाखा

------------------------------

**नन्दप्रसाद आचार्य**
**तहसिलदार (शा.अ.)**
तहसिलदार